## अख्तियार दुरुपयोग अनुसन्धान मिति २०८२/०३/१७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी राज बहादुर बम मु.नं (०७९-CR-००१५) फैसला मिति २०८०।१२।१३ | गैर कानुनी लाभ लिई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• साविकको जिल्ला विकास समितिको कार्यालय, कालिकोटबाट आ.व. २०७०/०७१ मा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान विकास समिति अन्तर्गतको लक्षित कार्यक्रममा सगरमाथा सप्लायर्स, सुर्खेतरोड, धम्बोजी २, नेपालगंज, बाँकेको नामबाट मिति २०७१।०१।१३ गते कर विजक नं. १२११ बाट सिलाई मेशिन खरिद गरेको भनि रु.२,२५,०११।२५(रुपैंया दुई लाख पचीस हजार एघार र पैसा पच्चीस) खर्च लेखिएको र उक्त सामानको ढुवानी तथा लोड अनलोड बापत श्री लक्ष्मी जनरल एण्ड आडर सप्लायर्स मान्मा-५ कालिकोटको बिल नं. १७२ बाट रु. ९,०००।-(रुपैंया नौ हजार) को सिलाई मेसिन ढुवानी गरेको खर्च देखाई पेश्की फछ्यौंट गर्ने कार्य भएको देखियो। उक्त तालिम कार्यक्रम सञ्चालनको निमित्त पेश्की बुझिलिई जिम्मेवारी लिने र झुट्टा बिल समाबेश गरी खरिद नै नगरिएको सामानको ढुवानी बापत समेतको खर्च देखाई पेश्की फछ्यौंट गर्ने तालिम कार्यक्रमका फोकल पर्सन साविक जिल्ला विकास समितिको कार्यालय, कालिकोटका तत्कालिन खरिदार हाल पलाँता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकोटका नायव सुब्बा राज बहादुर बमले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर भएको देखिएकोले निज**लाई विगो रु. २,३४,०११।२५** (रुपैंया दुई लाख चौतीस हजार एघार र पैसा पच्चीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद सजाय र विगो बमोजिम जरिवाना हुन एवम् सोही दफा ८(१) बमोजिम नक्कली बिलको भुक्तानी लिएको कुल रकम रु.२,३४,०११।२५ (दुई लाख चौतीस हजार एघार रुपैंया र पैसा पच्चीस) बिगो सोही ऐनको दफा ८ (१) बमोजिम निज प्रतिवादी राज वहादुर बमवाटै असुल उपर हुन मागदावी रहेको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट फैसला | **फैसलाः**<br>आरोपपत्र खारेज हुने ठहर गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• वादीले अनुसन्धान गर्दा अनिवार्य रुपमा पालन गर्नु पर्ने प्राकृतिक न्यायको सिद्धान्त र स्वच्छ सुनुवाईको सिद्धान्त पालन गरेको नदेखिंएको<br>• प्रस्तुत मुददामा स्वच्छ सुनुवाई ( Fair Trail ) को मापदण्ड पुरा भएको भन्ने नदेखिएको।<br>• अनुसन्धानको क्रममा लिइएको बयानमा आरोप सम्बन्धमा प्रतिवादीलाई प्रश्न नै नगरिएको । | • प्रतिवादी रणबहादुर वम जिल्ला विकास समिति कालीकोटमा आ.व. २०७०/०७१ मा खरिदार पदमा कार्यरत रहेको तथ्यमा विवाद छैन। उक्त जि.वि. स. बाट आ.व. २०७०/०७१ मा द्वन्दप्रभावित क्षेत्र कार्यक्रम अन्तर्गत उपेक्षित र दलित वर्गको लागी कार्यक्रम संचालन गर्ने सगरमाथा सप्लायर्स सुर्खेतरोड धम्वेनी -२ नेपालगञ्ज बाँकेको नामबाट मिति २०७१/०१/१३ गतेको कर विजक १२११ बाट सिलाई मेशिन खरिद भनि रु. २, २५,०११/२५ र उक्त सामानको ढुवानी वापत श्री लक्ष्मी जनरल एण्ड अण्डर सप्लायर्स मान्मा ५ कालीको विल नं. १७२ बाट रु. ९,०००/- को दुवानी देखाई निज प्रतिवादी खरिदार राजबहादुर वमले पेश्की फछ्यौटको लागी निवेदन दिई पेश्की फछ्यौंट भएको देखिन्छ। उक्त सामानहरु नै खरिद नगरी झुठ्ठा विल बनाई खरिद गरेको देखाई निज राजबहादुर वमले अनियमितता हिनामिना गरेको साविक जिल्ला विकास समितिको कार्यालय कालिकोटबाट आर्थिक बर्ष २०७०।०७१ मा सञ्चालन भएका कार्यक्रमहरु द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम, कर्णाली रोजगार कार्यक्रम, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम र दलित वर्ग उत्थान कार्यक्रममा अनियमितता र भ्रष्टाचार भएको हुनसक्ने शंकास्पद देखिएको मिति २०७१/०८/२५ गते पेश गरेको प्रतिवेदनलाई मिति २०७१/०८/२५ मा उजुरीको रुपमा ग्रहण गरि उक्त उजुरी निवेदनको अनुसन्धान भई विशेष अदालत काठमाण्डौमा मिति २०७९।०४।२४ मा मुद्दा दर्ता भई उक्त उजुरी उपर अनुसन्धान गर्ने सिलसिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतवाट शाखा अधिकृत मेघनाथ सापकोटा समेतको टोली ले गरेको स्थलगत प्रतिवेदन एवं स्थानिय मानिसहरले गरेकोघटना विवरण कागज समेतबाट प्रतिवादी राज वहादुर वमले हिनामिना हानीनोक्सानी पुर्याएको तथ्य पूष्टि भएको छ। घटना विवरण कागज गर्ने एवं विल भेरीफिकेशन गर्ने, इन्द्र बहादुर राई, प्र.ह. जिवन कुमार वि.सी. स्थलगत प्रतिवेदन गर्ने देवेन्द्रदेव खनाल, पवित्रा खड्का, मेघनाथ सापकोटा, प्रेमराज सुवेदी, पदमा बहादुर विष्ट समेतको बकपत्रबाट उक्त विल झूठ्ठा भएको, सामान सम्बन्धित जि.वि.स. मा नआएको तथ्य पुष्टि भएको एवं प्रतिवादी रणबहादुर वमले मिति २०७१/०१/१० मा सिलाईकटाई तथा मेशिन खरिद समेतको लागी जि.वि.स. कालिकोटमा रु. २,७५,०००/- पेश्की पाउँ भनि निवेदन दिई सोही मितिमा उक्त रकम बुझि २०७१/०३/२५ मा पेश्की फछ्यौंटको भएको देखिएपनि सो समयमा कार्यालय सामान नआएको पुष्टि भएको छ। प्रतिवादी उपर दायर भएको आरोपपत्रमा हकदैया हदम्याद र क्षेत्राधिकार को कुनै प्रश्न उठेको देखिदैंन। आरोपपत्र हकदैया हदम्याद र क्षेत्राधिकार भित्र कै देखिदा आरोपदावीका सम्बन्धमा अदालतबाट वयान भई प्रतिवादीलाई रु. ७५,०००/- धरौटी माग गर्ने आदेश समेत भएको देखिन्छ। प्रस्तुत आरोपपत्रमा लगाइएको दावीका सम्बन्धमा प्रतिवादी जिम्मेवार व्यक्ति नै रहेको र सोही विषयको काम समेत गरेको अवस्थामा उक्त विषयमा उठेको उजुरी एवं अनुसन्धानको वारेमा थाहा थिएन भन्न सक्ने अवस्था छैन। हकदैया हदम्याद र क्षेत्राधिकारको हनन् भएको अवस्थामा वाहेक अन्य Procedural error भएको भन्ने आधारमा मात्र मुद्दा खारेज हुने आधार बन्न नसक्ने अवस्थामा अदालत स्वंयले principle of Audi Alterum partem को हनन् भयो भन्ने अनुमान गरी आरोपपत्र खारेज गर्ने ठहर गरी भएको फैसलामा कानून एवं फौजदारी न्यायका सिद्धान्तको व्याख्यामा गम्भिर त्रुटी देखिएकोले उक्त फैसला वदर भागी छ ,वदर गरीपाउँ।<br>• Natural Justice का प्रमुख सिद्धान्तहरू Audi Alteram Partem र Nemo Judex in Causa Sua गरी दुई मुख्य रहेको र जस अन्तर्गत Audi Alteram Partem को अर्थः अर्को पक्षलाई पनि सुन / Right to be heard अभियुक्त, शंकास्पद वा संलग्न व्यक्तिलाई आफ्नो पक्ष राख्ने, जवाफ दिने, र प्रतिवाद गर्ने पूर्ण अवसर दिनुपर्छ साथै अनुसन्धानकर्ताले एकपक्षीय निष्कर्षमा पुग्नु हुँदैन भन्ने वुझिन्छ ।अर्को Nemo Judex in Causa Sua |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हुँदा प्रस्तुत मुद्दाको आरोपपत्र खारेज हुने ठहर गरी फैसला भएको देखिन्छ। | | अन्तर्गत"कोही पनि आफ्नो मुद्दामा न्यायाधीश हुन सक्दैन" । "Rule against bias"अनुसन्धानकर्ता निष्पक्ष र पूर्वाग्रहरहित हुनुपर्छ,यदि अनुसन्धानकर्ता कुनै पक्षमा झुकेको देखिन्छ, भने अनुसन्धान प्रक्रियाको वैधता नै प्रश्नमा आउँछ भन्ने बुझिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले अदालत समक्ष उपस्थित भई आफूलाई प्रतिवाद गर्ने पूर्ण अवसर नदिएको, अनुसन्धानकर्ताले एकपक्षीय निष्कर्षमा पुगेको वा पूर्वाग्रह सहित आरोप पत्र दायर गरेको भन्ने कुनै जिकिर लिएको वा सुनुवाईको मौका दिईएन भनि तत्काल कहि कतै कानूनी उपचारको खोजी गरेको भन्ने अवस्था नदेखिरहेको अवस्थामा केवल विना आधार र कारण प्राकृतिक न्यायको सिद्धान्त र स्वच्छ सुनुवाईको सिद्धान्त पालना नभएको भन्ने काल्पनिकता ग्रहण गरी आरोपदावी नै खारेज हुने ठहर गरी भएको फैसला कानून र सिद्धान्तको रोहमा त्रुटिपूर्ण रहेकोले वदरभागी रहेको छ ।<br>• Fair Trial का प्रमुख सिद्धान्तहरू अन्तर्गत Presumption of Innocence हो र यसमा अभियुक्तलाई दोषी सावित नभएसम्म निर्दोष मान्नुपर्छ,अनुसन्धान गर्दा अपराधी हो भनेर व्यवहार गर्नु हुँदैन भन्ने देखिन्छ साथै यसको अर्को सिद्धान्त Right to Legal Counsel हो र जस अन्तर्गत अनुसन्धानको क्रममा आरोपितलाई वकिल राख्न पाउने अधिकार सुनिश्चित गरिनुपर्छ। Protection Against Self-Incrimination कसैलाई आफैंविरुद्ध बयान दिन जबरजस्ती गर्नु हुँदैन जुन (नेपालको संविधान धारा २०(५)) गरिएको छ ।यसका साथै बयान स्वतःस्फूर्त हुनुपर्छ, नत्र अदालतमा मान्य हुँदैन।) Right to Be Informed of Charges अनुसन्धानको क्रममा व्यक्तिलाई आफूविरुद्ध के आरोप छ भनेर जानकारी दिनुपर्छभन्ने सिद्धान्त रहेकोमा प्रस्तुत मुद्दामा प्रतिवादीलाई Right to Fair Trial सिद्धान्तको को विपरित हुने गरी कुनै कार्य गरेको भन्ने स्वयं प्रतिवादीको कुनै जिकिर रहेको मिसिल संलग्न कागज प्रमाणवाट पुष्टि हुन नसकेको अवस्थामा Fair Trial का प्रमुख सिद्धान्तहरू ग्रहण गरेको नदेखिएको भन्ने विना आधारको जिकिर ग्रहण गरी आरोपदावी नै खारेज हुने ठहर गरी भएको प्रस्तुत फैसला कानूनी सिद्धान्तको रोहमा त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर भागी छ ,वदर गरीपाउँ ।<br>• प्रस्तुत मुद्दामा यस आयोगवाट निज विपक्षीका विरुद्धमा दायर भएको आरोप पत्रको सम्बन्धमा अदालतवाट निज विपक्षीलाई वयान समेत गराई निजलाई प्रमाण पेश गर्ने मौका समेत प्रदान गरिसकेको र अदालत स्वंयमले स्वच्छ सुनुवाईका सम्बन्धमा अवलम्बवन गरेका प्रकियाहरुवाट Natural Justice र Fair Trial का प्रमुख सिद्धान्तहरू निर्विवाद रुपमा ग्रहण ग्रहण भएको प्रस्तुत मुद्दामा प्रष्टसँग देखिरहेको अवस्थामा Natural Justice र Fair Trial का प्रमुख सिद्धान्तहरू ग्रहण नगरिएको भन्ने विना कानूनी आधार ग्रहण गरी आरोप पत्र नै खारेज हुने ठहर गरी भएको फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर भागी छ ,वदर गरीपाउँ ।<br>• प्रस्तुत मुद्दाको adjudication (निर्णय) हुनुभन्दा अगाडी investigation Prosecution and Court hearing को चरणहरुमा प्रतिवादीले आफु विरुद्धको कसुरको प्रतिवाद गर्ने, प्रमाण पेश गर्ने पर्याप्त मौका प्राप्त गरि सकेको अवस्थामा अदालतले आत्ममुल्याङ्कन गरी सुनुवाई मौका प्राप्त भएन भन्न मिल्ने अवस्था देखिदैंन। प्रतिवादीले अदालतमा वयान गर्दा मैले सुनुवाईको मौका पाएको छैन भनि Right to a fair hearing को कुनै claim नगरेको अवस्थामा अदालत स्वंयले principle of Audi Alterum partem को हनन् भयो भन्ने अनुमान गरी आरोपपत्र खारेज गर्ने ठहर गरी भएको फैसलामा कानून एवं फैजदारी न्यायका सिद्धान्तको व्याख्यामा गम्भिर त्रुटी देखिएकोले उक्त फैसला वदर भागी छ ,वदर गरीपाउँ ।<br>• अतः प्रस्तुत मुद्दामा उल्लिखित आधार कारण र प्रमाणहरुबाट प्रतिवादीले अदालतमा भनि Right to a fair heaving को कुनै claim नगरेको अवस्थामा अदालत स्वंयले principle of Audi Alteram Partem को हनन् भयो भन्ने अनुमान गरी आरोपपत्र खारेज गर्ने ठहर गरी भएको फैसलामा कानून एवं फैजदारी न्यायका सिद्धान्तको व्याख्यामा गम्भिर त्रुटी देखिएकोले उक्त फैसला वदर गरी प्रतिवादीलाई आरोपपत्र मागदाबी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |